


## प्रेस विज्ञप्ति

कोभिड १९ संक्रमणको रोकथाम र नियन्त्रणको लागि विगत देखि नै यस मन्त्रालयबाट विभिन्न रणनीतिहरु बनाई कार्यहरु भै आइरहेका छन्। यस सन्दर्भमा प्रवेश रोक रणनीति अनुसार आज देखि नेपालका सबै अन्तरराष्ट्रिय नाकाहरु यात्रु आवागमन सात दिनको लागि स्थगन गरिएको छ। देश भित्रका लामो दुरीमा चल्ने यात्रु वाहक सवारी साधनहरु चैत्र २१ गते सम्मको लागि रोक लगाईएको छ। सिनेमाहल, सांस्कृतिक केंद्राहरु, रंगशाला, खेल स्थल, जिम, हेल्थ क्लब, म्युजियम, स्विमिङ्ग पुल, मनोरञ्जन स्थल, डान्सबार तथा क्लब आदिलाई चैत्र मसान्तसम्म वन्द गर्ने निर्णय गरिएको छ। २५ भन्दा वढी संख्यामा भेला नहुन निर्णय गरिएको छ। यी सबै व्यवस्थाले एक व्यक्तिबाट अर्को व्यक्तिमा संक्रमण रोक्न सघाउ पुग्नेछ।

जनमानसमा संक्रमणको रोकथाम सम्वन्धमा अपनाउन पर्ने सावधानीको वारे विभिन्न संचारमाध्यमबाट सुचना प्रवाह भै रहेकै छन् । केहि संचार माध्यम र सामाजिक संजालबाट भ्रमपूर्ण सुचनाहरु प्राकाशन भएको वारे मन्त्रालयको ध्यान आकर्षण भएको छ त्यस्ता समाचारहरुवाट जनमानसमा द्धुविधा र त्रास फैलन जाने भएकोले अनर्गल समाचार प्रकाशन नगर्न नगराउन सबै संग आग्रह गरिन्छ र अनर्गल प्रचार गरिए कानुन अनुसार कारवाही गर्ने व्यवस्था गरिएको छ ।

विदेशबाट आएका सम्भावित संक्रमणको कुनै लक्षण नभएका यात्रुहरुलाई होम क्वारेन्टाइनमा बस्न अनिवार्य गरिएको छ भने सम्भावित संक्रमण को लक्षण देखिएका व्यक्तिहरुलाई इसोलेसनमा राखी नमुना परीक्षण गर्ने व्यवस्था मिलाइएको छ। पछिल्लो समयमा सर्भिलेन्सको दायरालाई वढाई विदेशबाट फर्किएका व्यक्तिहरू र उनीहरूसंग नजिकको सम्पर्कमा रहेकका व्यक्तिहरुलाई सम्भावित संक्रमणको लक्षण देखिएको अवस्थाको अतिरिक्त ६० वर्षभन्दा माथिका वृद्ध वृद्धाहरु, गम्भीर प्रकारको स्वासप्रस्वासको विरामीहरु, दीर्घरोगीहरु र स्वास्थ्यकर्मीहरूमा समेत सम्भावित संक्रमणको लक्षण देखिएमा नमुना परीक्षण गर्ने व्यवस्था गरिएको छ। खरिपाटी स्थित क्वारेन्टाइनलाई पुन प्रयोगमा ल्याइएको छ। हाल विभिन्न देशबाट फर्किएका ७१ जना नेपाली र विदेशी नागरिकहरुलाई क्वारेन्टाइनमा राखिएको छ।

सम्भावित सङ्क्रमित तथा सङ्क्रमित विरामीहरुको उपचारको लागि काठमाडौं उपत्यकामा १००० विरामी सैया, १२० ICU सैया र विभिन्न प्रदेशमा १२५ ICU सैया थप्ने कार्य शुरु भएको छ।

देशै भरका अस्पतालबाट दिईने नियमित OPD सेवा संचालनमै रहने तर विरामीहरुलाई थप जोखिमवाट वचाउन र अनावश्यक भीडभाड कम गर्न अस्पतालहरूलाई निम्नानुसार गर्न अनुरोध गरिएको छ।